# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९।०८०

चलानी नं.: ३०५८

मितिः २०७९।१२।३०

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्ध्मा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ चैत्र २२ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**

श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

....................
शिवप्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : १८

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ चैत्र २२ गते बुधबार दिनको ३:०० बजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसी विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

छलफलका विषयहरुः

१. विभिन्न पूर्वाधार योजनाका लागि बजेट माग सम्बन्धमा:

२. आ.व. २०७९।८० मा निर्माण व्यवसायीबाट सञ्चालित योजनाको म्याद थप सम्बन्धमा,

३. वडा कार्यालयमा रिक्त कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा,

४. नगर प्रमुखबाट सिफारिस हुने योजना सम्बन्धमा

५. उपप्रमुख बाट सिफारिस हुने योजना सम्बन्धमा,

६. खोल्सी सारी सडक विस्तार गर्न सूर्यविनायक धुलिखेल, धुलिखेल सिन्धुली, बर्दिबास सडक आयोजनाको पत्र सम्बन्धमा

७. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छनौट सम्बन्धमा,

८. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. चालु आ.व. २०७९।०८० का लागि स्वीकृत योजना सञ्चालनका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) निर्माण व्यवसायी मार्फत योजना सञ्चालन गर्ने गरी संझौता भई कार्यान्वयन भई रहेका योजनाका हकमा २०८० साल असार मसान्तसम्म म्याद थप गर्ने,

ख) चालु आ.व. २०७९।०८० मा स्वीकृत उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरु २०८० साल बैशाख मसान्त भित्रमा संझौता गरिसक्ने ।

ग) चालु आ.व. ०७९।०८० मा सञ्चालित योजनाहरुको अन्तिम भुक्तानी मिति २०८० साल असार १५ सम्ममा गर्ने व्यवस्था मिलाउने ।

३. यस नगरपालिका अन्तर्गत वडा कार्यालय र स्वास्थ्य चौकीहरुमा कार्यालय सहयोगी नहुँदा कार्यसम्पादनमा समस्या आएको देखिएकाले अर्को व्यवस्था भएमा स्वतः कायम नरहने गरी हाललाई देहाय बमोजिम गर्ने ।

क) कार्यालय सहयोगी रिक्त रहेका वडा कार्यालय तथा स्वास्थ्य चौकीका हकमा सम्बन्धित वडा कार्यालयले प्रतिस्पर्धा गराई करार सेवामा कार्यालय सहयोगी राख्ने व्यवस्था मिलाउने,

ख) कार्यालय सहयोगी दुर्घटनामा परी उपचार गराई रहेको वडा नं. ५ को कार्यालय सहयोगीका हकमा निज कार्यालयमा हाजिर नभएसम्म दैनिक ज्यालादारीमा कार्यालय सहयोगी राख्ने व्यवस्था मिलाउने ।

४. चालु आ.व. २०७९।०८० मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत मागमा आधारित योजना शीर्षका विनियोजित रकमबाट भुक्तानी हुने गरी देहाय बमोजिमका योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नाला करुणामय ऐला गणेश बाटो पर्खाल निर्माण | ४ | २०,००,०००। | |
| २ | बुद्ध पार्क निर्माण आशापुरी | १४ | ८,००,०००। | |
| ३ | राजदास मार्ग (कायस्थ बेङ्क्वेट) देखि फुटवल ग्राउण्ड जाने बाटो | ५ | ६,००,०००। | |

| | | | | |
|---|---|---|---|---|
| ४ | खानेपानी पाइप विस्तार (रविओपी) | ५ | २,००,०००। | |
| ५ | त्यटा लाँ (गौतम मानन्धरको घर पछाडी) स्तरोन्नती | १० | ५,००,०००। | |
| ६ | राधाकृष्ण मन्दिरमा मर्मत सुधार र रेलिङ | २ | ४,००,०००। | |
| ७ | कार्की गाउँ-खड्का टोल बाटो ग्राभेल | ११ | ३,००,०००। | |
| ८ | वासिन्चा मन्दिर निर्माण सुधार | १४ | २,००,०००। | |
| ९ | लामिछाने गाउँ ठाडेबाटो सिढी निर्माण | १ | ६,००,०००। | |
| १० | कृषि मार्ग देखि सहदेवको घर पुग्ने बाटो स्तरोन्नती-लामा गाउँ | ९ | २,००,०००। | |
| ११ | घाट सुधार कार्यक्रम (थाछु घाट) | ११/८ | १०,००,०००। | |
| १२ | बाँसडोल गुम्बा मर्मत | १२ | ३,००,०००। | |
| १३ | श्रीमाने छ्योर्तिन जानेबाटो स्तरोन्नती | ३ | १,५०,०००। | |
| १४ | दोयाबास भञ्ज्याङ देखि देउराली जानेबाटो स्तरोन्नती | ३ | १,००,०००। | |
| १५ | पारी टुसाल चोक काभ्राको रुख विश्राम स्थल निर्माण | २ | १,००,०००। | |
| १६ | दुवाल थने खानेपानी एक घर एक धारा | ३ | २,५०,०००। | |
| १७ | टन्चोक सिमाचौर मोटर बाटो | ३ | १,००,०००। | |
| १८ | पुण्यमती खानेपानी उपभोक्ता समिति इनार निर्माण | २ | २,८०,०००। | |
| १९ | भिमसेन मार्ग देखि विकाश शर्मा/प्रयाग कारंजितको घरसम्म बाटो स्तरोन्नती | ७ | ६,००,०००। | |
| २० | मयलटार पूर्वेली वस्ती सडक ढलान | १० | ४,००,०००। | |
| २१ | पुजारी टोल-सिनागाल मार्ग स्तरोन्नती | ११ | २,५०,०००। | |
| २२ | केएन बेन्क्वेट मार्ग देखि काँढखोला (अरनिको राजमार्ग) ह्युमपाईप विस्तार | ७ | १०,००,०००। | |
| २३ | केएन बेन्क्वेट मार्ग (केएन बेन्क्वेट) देखि काँढखोला ढल विस्तार | २ | ३,००,०००। | |
| | पुण्यमाता नदीको शिरमा सिंढी निर्माण | | | |
| २४ | नैमिषारण्य गुरुकुलम | ६ | ३,००,०००। | |
| २५ | नेपाल प्रहरी विद्यालय पछाडी बाटो स्तरोन्नती | १३ | ५,००,०००। | |
| २६ | श्रीखण्ड मार्ग सिमाङ्कन | ६ | १,५०,०००। | |
| २७ | साइकेन्द्र भवन मर्मत सुधार | ८ | २,००,०००। | |
| २८ | काशिनाथ तौजले चोक मर्मत | ७ | ५,००,०००। | |
| २९ | फुटसल तथा व्यायामशाला निर्माण(अमलडोल गुम्बा अगाडी) | १ | ३,००,०००। | |
| ३० | गैराधारा खानेपानी पारी टुसाल | ३ | ३,००,०००। | |
| ३१ | कृषिमार्ग निर्माण (बालागाउँ) | १ | १३,००,०००। | |
| ३२ | डुँडामुख खरिटार सडक निर्माण | २ | ५,००,०००। | |
| ३३ | नयाँवस्ती पुण्यटोल-ओडाडेटोल सिंढी निर्माण | २ | १,५०,०००। | |
| ३४ | गिरीटोल जाने सडक निर्माण | २ | २,००,०००। | |
| ३५ | खर्का सानो धारा गोरेटो निर्माण | ३ | २,००,०००। | |
| ३६ | प्रह्लादको पसल हुँदै पराजुली टोल सडक निर्माण | ३ | ५,००,०००। | |
| ३७ | च्यानगौंडा काफलटापु सडक निर्माण | ३ | ७,००,०००। | |
| ३८ | ब्रम्हायणी पार्क जाने सडक स्तरोन्नती | ४ | १४,००,०००। | |
| ३९ | सामुदायिक भवन निर्माण | ५ | १०,००,०००। | |
| ४० | च्यापु पुला बाटो निर्माण | ५,९ | ६,००,०००। | |
| ४१ | गोदामचोक सहायक मार्ग ढल निर्माण | ७ | १,५०,०००। | |
| ४२ | गौतम मार्ग कालोपत्रे | ७ | ८,००,०००। | |
| ४३ | सुमागाल शान्ति सहायक मार्ग कालोपत्रे | | १०,००,०००। | |
| ४४ | कृषि मार्गमा सडक पेटी निर्माण (नयाँवस्ती) | ९ | ४,००,०००। | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | सातमुले सडक तथा ढल निर्माण | १० | ५,००,०००। | |
| ४६ | गौरीगाउँ मार्ग सडक स्तरोन्नती | १० | ८,००,०००। | |
| ४७ | सिनागाल खानेपानी व्यवस्था | ११ | ३,००,०००। | |
| ४८ | मोटर बाटो निर्माण | १२ | १४,००,०००। | |
| ४९ | राहुल डाँडा पाटी मर्मत | १३ | १,००,०००। | |
| ५० | इटाचा पहिरो नियन्त्रण | १३ | ४,००,०००। | |
| ५१ | बाँझाबन खानेपानी मर्मत | १३ | १,५०,०००। | |
| ५२ | सेतीदेवी मन्दिर निर्माण | १३ | ४,००,०००। | |
| ५३ | बाँसडोल पुरानो पुलारा बाटो निर्माण | १४ | १,००,०००। | |
| ५४ | कुबलेटार शान्तिपार्क भुत्तेढुङ्गा मोटर बाटो निर्माण | ११ | १०,००,०००। | |
| ५५ | महेन्द्र मा.वि. ECD कक्षाकोठा मर्मत | १३ | १,००,०००। | |
| ५६ | विस्केट जात्रा आयोजना स्थल मर्मत सुधार | १३ | १,००,०००। | |

५. नगर कार्यपालिकाको कार्यालयमा रहेका पुराना फर्निचर फेर्ने र रङ्गरोकन गर्ने कार्यमा भएको खर्च भुक्तानी दिने ।

६. सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजना, धुलिखेलको मिति २०७९।११।११ च.नं. ६३५ को पत्रबाट उक्त आयोजना अन्तर्गत सूर्यविनायक-धुलिखेल सडक विस्तारको क्रममा चेनेज ८+९१० मा सडक विस्तार गर्दा खोल्सीको बिच भागसम्म सडक विस्तार हुने भई खोल्सीको दायाँतर्फको सिमानाबाट २ मिटर सारी निर्माण गर्नुपरेको र उक्त क्षेत्रका जग्गाधनीहरु जग्गा दिन मनसाय प्रकट गरेकोले सो बमोजिम गर्न सहमती र समन्वय गरिदिन भनि लेखि आएको सम्बन्धमा छलफल गर्दा नगर प्रमुख र उपप्रमुखज्यूले सम्बन्धित वडाध्यक्ष र आयोजनाका प्रतिनिधि समेत राखी उपयुक्त निकास दिने व्यवस्था मिलाउन अख्तियारी दिने निर्णय गरियो ।

७. श्री सपनेश्वर माध्यमिक विद्यालय, बनेपा १ को मिति २०७९।१०।२७ च.नं. २८ को पत्रबाट उक्त विद्यालयको व्यवस्थापन समिति गठन गर्ने प्रयोजनका लागि भएको भेलाबाट सिफारिस भएका व्यक्ति मध्येबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट गरिदिन भनि लेखि आएका सम्बन्धमा छलफल गर्दा सिफारिस क्र.स. १ मा उल्लेखित बनेपा नगरपालिका वडा नं. १ बस्ने श्री परशुराम लामिछानेलाई उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा मनोनयन गर्ने निर्णय गरियो ।

८. काभ्रे उपत्यका खानेपानी व्यवस्थापन बोर्डको मिति २०७९।१२।१९ को पत्रबाट उक्त आयोजनाका निर्माण सुपरिवेक्षण परामर्शदातालाई भुक्तानी दिन रु. १० लाख र बोर्डको प्रशासनीक कार्यालय सञ्चालन गर्न रु. १० लाख समेत रु. २० लाख निकासाका लागि उक्त बोर्डको निर्णय सहित लेखि आएका सम्बन्धमा छलफल गर्दा उल्लेखित प्रयोजनका लागि रु. २०,००,०००। (बीस लाख) निकासा दिने निर्णय गरियो ।

९. कुमारी भजन समिति, बनेपा १३ ले खरिद गरेको एक थान हार्मोनियमको बिल बमोजिमको रकम रु.५४,२४०। भुक्तानी दिने निर्णय गरियो ।

१०. प्रस्तावित विन्ध्याचल उपभोक्ता सहकारी संस्था दर्ता गरी सञ्चालन गर्न बागमती प्रदेश सरकारमा सिफारिस गरिदिन भनि माग निवेदन गरेका सम्बन्धमा छलफल गर्दा उल्लेखित बमोजिमको सहकारी संस्था दर्ताका लागि सिफारिस गर्ने निर्णय गरियो ।

११. टुकुचा उपभोक्ता सहकारी संस्था लि. बनेपा २ ले यस कार्यालयमा उक्त सहकारी संस्थाको अभिलेख फेला नपरेको र सहकारी संस्थासँग पनि विनियम बाहेकका अभिलेख मात्र रहेकाले साविकको कार्यक्षेत्र अनुरुप नै हुने गरी पुनर्लिखित विनियम सहितको अभिलेख खडा गरिदिन माग निवेदन गरेको सम्बन्धमा छलफल गर्दा उक्त सहकारी संस्थासंग रहेका अभिलेख समेतका आधारमा पुनर्लिखित विनियम स्वीकृत गरी अभिलेख खडा गर्ने निर्णय गरियो ।

१२. श्री शक्ति बचत तथा ऋण सहकारी संस्था लि. र बालकुमारी कृषि सहकारी संस्था लि. एकीकरणका लागि माग निवेदन गरेका सम्बन्धमा छलफल हुँदा उल्लेखित सहकारी एकीकरणका लागि प्रचलित कानून बमोजिम पुरा गर्नुपर्ने प्रक्रिया पुरा भए नभएको हेरी आवश्यक कागजात सहित सम्बन्धित शाखाले आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

१३. यस कार्यालयमा करार सेवामा रहेका कुचिकार श्री विनोद पोडे अस्वस्थ्य भई शीरमेमोरियल अस्पताल बनेपामा उपचार गराउनु पर्दा ७५ हजार भन्दा बढि खर्च भएकोले आर्थिक सहायताका लागि माग निवेदन गरेको सम्बन्धमा छलफल गर्दा निजलाई रु. ३५ हजार उपचार खर्च सहयोग गर्ने निर्णय गरियो ।

१४. यस नगरपालिकाका जनप्रतिनिधि तथा अस्थायी तथा करार सेवामा रहेका कर्मचारीहरुको समेत दुर्घटना बिमा गर्न आवश्यक रहेकोले दुर्घटना बिमा सम्बन्धमा बिमा कम्पनीहरुले उपलब्ध गराउने सुविधाहरुको अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

१५. विभिन्न समयमा विभिन्न कारण सहित आर्थिक सहयोगका लागि माग निवेदन आइरहने भएकाले आवश्यकता र औचित्यता हेरी नगर प्रमुखज्यूबाट एक पटकमा एक जनालाई बढिमा रु. १०००। सम्म आर्थिक सहायता प्रदान गर्न अख्तियारी दिने निर्णय गरियो ।

१६. मानव कल्याण समाज, केन्द्रीय कार्यालय, चागुनारायण, भक्तपुरको मिति २०७९।१२।१ को पत्रबाट उक्त समाजको सेवा घर काभ्रे शाखामार्फत उद्दार गरिएका ८५ जना व्यक्तिहरुलाई सेवा प्रदान भईरहेको र उक्त संख्या बढ्दो क्रममा रहेको र बनेपा नगरपालिकालाई वेवारिसे सडक मानव मुक्त नगरपालिका निर्माण गर्ने उद्देश्य पुरा गर्न उक्त संस्थाको व्यवस्थापनका लागि सहयोग हुन भनि माग भएका सम्बन्धमा छलफल गर्दा उक्त संस्थालाई रु. ३,००,०००। (तीन लाख) सहयोग गर्ने निर्णय गरियो ।

१७. बनेपा नगरपालिका वडा नं. ६ बस्ने लालबहादुर सार्कीले आफ्नो घरको जस्ताको छानो जीर्ण भई वर्षातको समयमा बस्न नमिल्ने भएको र मर्मतका लागि आर्थिक स्रोत नभएकोले सहयोग माग गरि दिएको निवेदन उपर छलफल गर्दा निजको घरको छानो मर्मतका लागि रु. ४०,०००। (चालीस हजार) सहयोग गर्ने निर्णय गरियो ।

१८. बनेपा नगरपालिका वडा नं. १३ स्थित साँगा सांस्कृतिक समूहले विस्का जात्रा सञ्चालनका लागि बाजा खरिद, मर्मत र अन्य आवश्यक सामग्री खरिदका लागि माग निवेदन गरेकाले आवश्यक सहयोग गरिदिन भनि बनेपा नगरपालिका वडा नं. १३ बाट सिफारिस भई आएका सम्बन्धमा छलफल हुँदा सो प्रयोजनका लागि रु. १,२५,०००। (एकलाख पच्चीस हजार) सहयोग गर्ने निर्णय गरियो ।

१९. बनेपा नगरपालिका वडा नं. ११ निवासी भुवन बहादुर थापाले आफ्नो खुट्टाको उपचारका लागि आर्थिक सहयोग गरिदिन भनि माग निवेदन गरेको सम्बन्धमा छलफल हुँदा निजको उपचार खर्चका लागि रु.२५,०००। (पच्चीस हजार) सहयोग गर्ने निर्णय गरियो ।

२०. दिपङ्कर चुडाकर्म संघ, बनेपा ९ को मिति २०७९।११।२६ को पत्रबाट उक्त उक्त संघको परावर्त महाविहार न्हु: बहाल स्थित श्री दिपंकर भगवानको मूर्ति बिग्रिएको हुँदा मर्मत सम्भारका लागि सहयोग उपलब्ध हुन भनि माग निवेदन गरेको सम्बन्धमा छलफल हुँदा उक्त प्रयोजनका लागि रु. ५,००,०००। (पाँचलाख) सहयोग गर्ने निर्णय गरियो ।

२१. बनेपा नगरपालिका क्षेत्रभित्र यस आ.व. २०७९।०८० मा आगलागीका कारण धनजनको क्षति भएका नगरबासीहरुबाट सहयोग माग गरि दिएका निवेदनका सम्बन्धमा नगर प्रमुख र उपप्रुखबाट आगलागीका कारण भएको क्षतिको आंकलन गरी उपयुक्त रकम राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

२२. यस नगरपालिकाबाट विपद्का कारण धनजनको क्षति हुँदा प्रदान गरिने राहत वा विभिन्न संघसंस्थाहरुलाई सहयोग गर्नका लागि उपयुक्त नीति तर्जुमा गर्न आवश्यक भएकाले विधायन समितिले बनेपा नगरपालिकाको राहत एवम सहयोग नीति मस्यौदा गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

२३. बनेपा २ निवासी दिपा घिमिरेले आफ्ना पति दिपक प्रसाद घिमिरेको उपचार खर्च जुटाउन असमर्थ रहेकाले सहयोग माग गरि निवेदन दिएको हुँदा निजको उपचारका लागि सहयोग गरिदिन भनि बनेपा नगरपालिका वडा नं. २ को मिति २०७९।१२।८ को पत्रबाट सिफारिस भई आएका सम्बन्धमा छलफल गर्दा निजको उपचारका लागि रु. २५,०००। (पच्चीस हजार) सहयोग गर्ने निर्णय गरियो ।

२४. यस नगरपालिका क्षेत्रभित्र रहेका संस्थागत विद्यालयहरुले व्यवसाय दर्ता गरी व्यवसाय कर तिर्नुपर्ने यस नगरपालिकाका आर्थिक ऐनमा कानूनी व्यवस्था रहेको हुँदा यस नगरपालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले यस अगाडी व्यवसाय दर्ता नगरेको भएमा आर्थिक वर्ष २०७४।०७५ भन्दा अगाडी देखि सञ्चालनमा रहेका विद्यालयका हकमा आर्थिक वर्ष २०७४।०७५ देखि र सो भन्दा पछाडी दर्ता भई सञ्चालन भएका संस्थागत विद्यालयका हकमा दर्ता भई सञ्चालन भएकै मितिबाट लागु हुने गरी व्यवसाय दर्ता गराई निर्धारित व्यवसाय कर र घर भवन बहालमा दिई सञ्चालन भएका विद्यालयका हकमा बहाल संझौतामा उल्लेख भए बमोजिमको बहाल कर लिने व्यवस्था मिलाउने निर्णय गरियो ।

२५. नगरकोट एकीकृत पर्यटन विकास कार्यक्रम सञ्चालन गर्न बनेपा, मण्डन देउपुर, चागुनारायण र शंखरापुर नगरपालिकाका नगरप्रमुख तथा प्रतिनिधिहरुको मिति २०७९।१२।७ मा नगरकोटमा भएको भेलाबाट एकीकृत गुरुयोजना र डिपिआर तयार गर्न उल्लेखित चार वटै नगरले रु. १० लाखका दरले रकम उपलब्ध गराउने भनि निर्णय भएको हुँदा सो प्रयोजनका लागि नगरकोट नाल्दुम पर्यटन विकास समिति मार्फत खर्च हने गरी रु. १० लाख उपलब्ध गराउने निर्णय गरियो ।

२६. यस नगरपालिकाको प्रयोजनका लागि स्मार्ट डिस्प्ले बोर्ड दुईथान खरिद गर्ने निर्णय गरियो ।

२७. गोशाइकुण्ड नगरकोट सडक खण्डमा सडक सीमा भित्र रहेका विद्युत पोलहरु स्थानान्तरण गनुपर्ने भएकाले पोल स्थानान्तरणका लागि नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

२८. बनेपा नगरपालिका वडा नं. ४ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमका योजना थप गरिदिन भनि निर्णय भई आएकाले माग भए बमाजिमका योजना समावेश गर्ने निर्णय गरियो ।

क) बुल्ले डुँडामुख हुँदै नाला चर्च बाटो,

ख) वडा कार्यालय नाला सडक हुँदै त्रिवेणी घाट,

ग) परियार टोलभित्र ढल सफा गर्ने,

घ) माझगाउँ देखि २ नं. सिमानासम्म,

ङ) नेवार टोल सडक र ढल सफा गर्ने,

च) कृषि मार्ग हुँदै बुल्ले गाउँ जाने बाटो ढल सफा गर्ने,

छ) आंघाल आकाशदेवी मार्ग ढल सफा गर्ने,

ज) नेपाली टोल बाट च्याने बगर जाने बाटो ढल सफा गर्ने,

झ) खानेपानी अफिस जाने बाटो ढल सफा गर्ने ।

२९. यस नगरपालिकाको नगर प्रोफाइल तयार गर्न जिम्मेवारी पाएको स्मार्ट पालिका नामक संस्थाले आफ्नो संझौताको म्याद थप गरी आफूले पाउन बाँकी रकम भुक्तानी माग गरि दिएको निवेदन उपर छलफल हुँदा उक्त संस्थासँग भएको संझौताको म्याद समाप्त भएका मितिले मिति २०८० साल वैशाख मसान्तसम्म म्याद थप गरी उक्त संस्थाले सम्पादन गरी पेश गरेको कार्यप्रगतिकै आधारमा पाउन बाँकी रकम भुक्तान दिने निर्णय गरियो ।

३०. बनेपा नगरपालिका कृषि प्रबर्धन समितिको मिति २०७९।१०।५ को बैठकबाट सिफारिस भए बमोजिम पशुसेवा शाखाका लागि आन्तरिक स्रोत तर्फ विनियोजित पशु खोप कार्यक्रम अन्तर्गत गाईभैंसीलाई खोप लगाए बापत

प्रतिखोप पारिश्रमिक रु. २०। र भेडाबाखामा खोप लगाए बापत प्रति खोप पारिश्रमिक रु. १०। कायम गर्ने निर्णय गरियो ।

३१. बनेपा नगरपालिका क्षेत्रको नाला काशीभञ्ज्याङ्ग नयाँगाउँ सडकको त्रिवेणी देखि सेरासम्मको खण्डमा करिब १७० मिटर कालोपत्रे गर्न बाँकी रहेकाले उक्त खण्ड कालोपत्रे गर्नका लागि रु. २५,००,०००। रकम विनियोजन गर्ने निर्णय गरियो ।

३२. यस नगरपालिकामा करार सेवामा कार्यरत नगर प्रहरीहरुले प्राप्त गर्ने सेवा सुविधामा एकरुपता कायम गर्ने निर्णय गरियो ।